कर्णाली प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्याः २०७८।७९
चलानी नं.: ८१८

मितिः २०७८/०६/८

श्री प्रमुख प्रशासकीय अधिकृत,
स्थानीय तहहरु (सबै)
कर्णाली प्रदेश, नेपाल।

विषयः- प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानको मार्गदर्शन र बजेट तथा कार्यक्रम कार्यान्वयनको पूर्व स्वीकृति सम्बन्धमा ।

कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ बमोजिम प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण भएका सशर्त अनुदानका कार्यक्रम तथा आयोजना सञ्चालन सम्बन्धमा देहाय बमोजिमको मार्गदर्शन र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएका कार्यक्रम तथा आयोजनाहरुलाई कार्यान्वयन गर्न पूर्व स्वीकृती प्रदान गरिएको छ।

अन्तर सरकारी वित्तीय हस्तान्तरणः

प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

१. वित्तीय हस्तान्तरणलाई नतिजामूलक बनाई विकासका लक्ष्य हाँसिल हुने गरी परिचालन गर्ने व्यवस्था मिलाउनुहुनेछ।
२. वित्तीय हस्तान्तरणको उपयोग नेपालको संविधान, दिगो विकास लक्ष्य, नेपालको पन्ध्रौं योजना र प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका क्षेत्र र मार्गदर्शन बमोजिम गर्ने व्यवस्था मिलाउनुहुनेछ।

आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था :

३. स्थानीय तहको स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कार्यक्रम वा आयोजना प्रदेश सरकार मातहतको निकाय मार्फत् कार्यान्वयन गराउनुपर्ने भएमा विषयगत मन्त्रालय र यस मन्त्रालयको स्वीकृतिमा सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गराउन सकिनेछ।
४. हस्तान्तरण भएका योजना वा कार्यक्रमको स्थान नखुलेको अवस्थामा मन्त्रालयको सहमतिमा सम्बन्धित स्थानीय तहले एकिन गरी प्रदेश मन्त्रालयको मार्गदर्शन समेतको आधारमा कार्यान्वयन गर्न सक्नेछ।
५. कार्यक्रम तथा आयोजनाको चौमासिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा सम्बन्धित लेखा नियन्त्रक तथा लेखा इकाई कार्यालयमा पेश गर्नुपर्नेछ ।
६. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएका कार्यक्रम तथा आयोजना मात्र कार्यान्वयन गर्नुपर्नेछ ।प्रविष्ट नभएका कार्यक्रम तथा आयोजनाको दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण :

कर्णाली प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या: २०७८।७९

चलानी नं.:

७. एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च एकाइको रुपमा सम्बन्धित तहको कानूनले तोके बमोजिमको लेखा राखी त्यहीबाट आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ।

८. बुँदा नं. ७ बमोजिमका आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनुपर्नेछ।

९. प्रत्येक स्थानीय तहले महालेखा परीक्षकको कार्यालयबाट भएको लेखापरीक्षण प्रतिवेदन अर्को आर्थिक वर्षको पौष मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ।

वित्तीय अनुशासनः

१०. प्रदेश लेखा नियन्त्रक कार्यालयले आय र व्ययको एकीकृत आर्थिक विवरण तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने हुँदा निर्धारित ढाँचामा स्थानीय तहको आय व्ययको विवरण सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय मार्फत् पठाउने व्यवस्था गर्नुपर्नेछ।

११. आर्थिक वर्ष २०७८/०७९ को आम्दानी र खर्चको प्रतिवेदन तोकिएको ढाँचामा साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउनुपर्नेछ। गत आर्थिक वर्षको यस्तो प्रतिवेदन प्राप्त नभई चालु वर्षको राजस्व बाँडफाँट र अनुदान बापतको रकम हस्तान्तरण हुनेछैन।

आर्थिक वर्ष २०७८/०७९ को बजेटसँग सम्बन्धित प्रकाशनहरु यस मन्त्रालयको website: www.moeap.karnali.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

(चक्र बहादुर बुढा)
सचिव

बोधार्थः-

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।

श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।

श्री मन्त्रालयहरु (सबै), कर्णाली प्रदेश, सुर्खेत।

श्री कर्णाली प्रदेश योजना आयोग, कर्णाली प्रदेश, सुर्खेत।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।

श्री प्रदेश लेखा इकाई कार्यालयहरु (सबै), कर्णाली प्रदेश ।